आज मिति २०८१ साल आश्विन १३ गतेका दिन यस आदर्श गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर खड्काज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि उपस्थित पदाधिकारीका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गर्दै निम्न लिखित निर्णय पारित गरियो ।

उपस्थिति

१) अध्यक्ष श्री गणेश बहादुर खड्का

२) उपाध्यक्ष श्री लक्ष्मी जोशी

३) वडाध्यक्ष तथा गाउँकार्यपालिका सदस्य श्री खगेन्द्र राज ओझा

४) „ सदस्य भरत बहादुर खड्का

५) „ सदस्य श्री रमेश बहादुर भाउँर

६) „ सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

७) „ सदस्य श्री उत्तम बहादुर सिंह

८) „ सदस्य श्री लाल बहादुर खड्ायत

९) सदस्य श्री लाल बहादुर विष्ट

१०) गाउँकार्यपालिका सदस्य श्री कमला खड्का

११) „ सदस्य श्री नन्दा धलाधर (रोकाया)

१२) „ सदस्य श्री निर्मला देवी रोकाया

१३) „ सदस्य श्री ललिता वि.क.

१४) „ सदस्य श्री बहादुर ढोली

१५) „ सदस्य श्री माने दमाई

१६) सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

अन्य उपस्थिति

प्रशासकीय अधिकृत श्री पद्मानन्द ओझा

स्वास्थ्य शाखा प्रमुख श्री महेन्द्र खड्का

सूचना प्रविधि अधिकृत श्री श्रीकान्त ओझा

लेखापाल श्री विजय राज जोशी

आ.ले.प.श्री हिम्मत राज जोशी

सहायक श्री डबल बहादुर भाट

प्रा.स.श्री पदम सिं विष्ट

श्रोत व्यक्ति श्री खडक बहादुर बाग

क.अ.श्री तेज बहादुर साउँद

अ.स.ई.श्री डम्बर ओझा

का.स.तर्क राज ओझा

**प्रस्तावहरु**

१) सर्शत अनुदानबाट पारिश्रमिक उपलब्ध गराउने सम्बन्धमा ।

२) वैकल्पिक उम्मेदवारलाई करार सम्झौता सम्बन्धमा ।

३) मौवानगरदह स्वास्थ्य चौकीको लागि फार्मेसी पदको विज्ञापन खोल्ने सम्बन्धमा ।

४) एम्बुलेन्स कार्यविधि पारीत सम्बन्धमा ।

५) ल्याव सेवा र वर्थिङ्ग सेन्टर सुचिकृत सम्वन्धमा ।

६) भाडादर सम्बन्धमा ।

७) गाउँपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन सम्वन्धमा ।

८) कालीभैरव मा.वि.कोटान्जरको खाता सञ्चालन सम्वन्धमा ।

९) दहकालिकास्थान स्वा.चौ.लाई सुरक्षित गर्भपतन सेवा संस्था सूचिकृत सम्वन्धमा ।

१०) वडा नं.४ को वडा सचिवको जिम्मेवारी सम्वन्धमा ।

**निर्णयहरु:**

निर्णय नं १) आदर्श गाउँपालिकाको वडा नं.१ अन्तरगत बाझककानी स्वास्थ्य चौकीमा सेवा करारमा अ.हे.व.चौथो तहमा कार्यरत अमर बहादुर खडका,वडा नं.२ अन्तरगत मौवानगरदह स्वास्थ्य चौकीमा सेवा करारमा अ.हे.व.चौथो तहमा कार्यरत टेक बहादुर साउँदलाई २०८१ श्रावण महिना देखि र वडा नं.५ अन्तरगत लामिखाल स्वास्थ्य चौकीमा करारमा कार्यरत कार्यालय सहयोगी गोविन्द बहादुर रोकायालाई २०८१ भाद्र १९ गते देखि लागु हुने गरी गाउँपालिकालाई आ.व.२०८१/०८२ मा प्राप्त सशर्त अनुदानबाट पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २) आदर्श गाउँपालिकाको वडा नं.१ अन्तरगत स्वास्थ्य संस्थामा नागरिकहरुलाई स्वास्थ्य सेवा प्रवाहमा स्वास्थ्यकर्मीको अभाव रहेको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाले ०५।०८०,०८१ अ.हे.व.तर्फको विज्ञापन प्रकासित गरी नियमानुसार परीक्षा समेत लिई नतिजा प्रकासित गरिएको मिति २०८१ भाद्र १७ गतेको अ.हे.व.तर्फको वैकल्पिक उम्मेदवार मकर बहदुर खडकालाई नेपाल सरकारको सर्शत दरबन्दीबाट मिति २०८१ आश्विन १४ गते देखि मौवानगरदह स्वास्थ्य चौकीमा करारमा राख्ने र उक्त अवधिमा कार्यालय सहयोगी तर्फ बैकल्पिकमा रहेका उम्मेदवार प्रकास खडकालाई आदर्श गा.पा.को कार्यालयमा कार्यालय सहयोगीमा करारमा राख्ने निर्णय गरीयो ।

निर्णय न ३: आदर्श गाउँपालिकाको अन्तरगत [illegible] स्वास्थ्य चौकीमा आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत औषधी खरिद तथा व्यवस्थापन भईसकेको र उक्त औषधी बिक्रि वितरणको लागि एक जना फार्मासिष्टको आवश्यक रहेको हुँदा सो को लागि विज्ञापन खोल्ने निर्णय गरियो ।

निर्णय न ४: आदर्श गाउँपालिकाको अन्तरगत एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनको लागि मिति २०८१/०६/०६ गते देखि लागु हुने गरी निर्माण गरिएको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८१ लाई पारित गरियो ।

निर्णय न ५: आदर्श गाउँपालिकाको अन्तरगत वडा नं ५ मा अवस्थित लामिखाल स्वास्थ्य चौकीमा हि वर्गको स्वाव सेवाको लागि सम्पूर्ण प्रक्रिया पुरा गरी कर्मचारी पनि भर्ना गरिसकेको हुँदा सो उक्त वडाको तलारा सामुदायिक स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको लागि आवश्यक सामाग्री,कर्मचारी व्यवस्थापनको भएको अवस्थालाई मध्यनजर गरी बर्थिङ सेन्टर सूचिकृत गर्ने निर्णय गरियो ।

निर्णय न ६: जिल्ला प्रशासन कार्यालय डोटीको प.स.०८१/०८१ च.नं.३७ मिति २०८१/०६/०९ को प्राप्त पत्रानुसार मिति २०८१ आश्विन ६ गतेका दिन प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा जिल्ला यातायात व्यवस्थापन समितिको बैठकले सार्वजनिक यातायात सवारी साधनहरुको भाडादर सम्बन्धमा २०८० असौज १० गतेको जिल्ला यातायात व्यवस्थापन समितिको बैठकको निर्णयानुसार कायम गरिएको भाडादरलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने भन्ने निर्णयानुसार राष्ट्रिय राजमार्ग (भिमदत्त डा.के.आई.सिंह र पहलमान सिंह स्वार) मा यातायात व्यवस्था विभागले तोकेको प्रति कि.मि.दर अन्तर्गत भित्री पक्की सडकमा प्रति कि.मि.रु.७ (सात) को दरले र भित्री कच्ची सडकमा प्रति कि.मि.रु.१२/५० (बाह्र रुपैया पचास पैसा) को दरले कायम हुने गरी सबै स्थानीय तहले सम्बन्धित यातायात व्यवसायीहरुसंग समेत समन्वय गरि आ-आफ्नो पालिका अन्तर्गतका रुटहरुको भाडादर निर्धारण गर्ने निर्णय भएको हुँदा सो अनुसारको कार्यान्वयन गर्न गराउन सम्बन्धित सरोकारवालालाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय न ७: आदर्श गाउँपालिकाको बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गर्नको लागि यस आदर्श गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिकास्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

१) अध्यक्ष श्री गणेश बहादुर खडका (अध्यक्ष)

२) उपाध्यक्ष श्री लक्ष्मी धामी (उपाध्यक्ष)

३)वडाध्यक्ष तथा गाउँकार्यपालिका सदस्य श्री खगेन्द्र राज ओझा (सदस्य)

४) " सदस्य भरत बहादुर खडका (सदस्य)

५) " सदस्य श्री रमेश बहादुर साउँद (सदस्य)

६) " सदस्य श्री दिपेन्द्र प्रसाद पाठक (सदस्य)

७) " सदस्य श्री उत्तम बहादुर सिंह (सदस्य)

८) " सदस्य श्री लाल बहादुर खडायत (सदस्य)

९) सदस्य श्री लाल बहादुर विष्ट (सदस्य)

१० गाउँकार्यपालिका सदस्य श्री मान बहादुर दमाई

११) गाउँकार्यपालिका दलित महिला प्र.श्री ललिता वि.क

१२) स्वास्थ्य संयोजक श्री महेन्द्र खडका (सदस्य)

१३) कृषि शाखा प्रमुख श्री अन्जना शाही (सदस्य)

१४) पशु शाखा प्रमुख श्री प्रदिप रिमाल (सदस्य)

१५) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री तेज बहादुर साउँद (सदस्य)

१६) गाउँस्तरिय नेपाल उद्योग वाणिज्य संघको प्रतिनिधि (सदस्य)

१७) गाउँपालिकास्तरिय गैरसरकारी संस्था महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (सदस्य)

१८ प्रमुख प्रशासकीय अधिकृत पदम राज अवस्थी (सदस्य सचिव)

निर्णय नं ८) आदर्श गाउँपालिका वडा नं.२ अन्तरगत काली भैरव मा.वि.कोटान्जरले परीक्षा सञ्चालन नगरेको कारणले मिति २०८१ जेष्ठ ३२ गते बसेको गाउँकार्यपालिकाको बैठकले विद्यालयको खाता रोक्का गर्ने निर्णय भएकोमा शिक्षकहरु र विद्यालय कर्मचारीहरुको पारिश्रमिकको अवस्थालाई मध्यनजर गरी शिक्षा ऐन,नियम एवं प्रक्रिया अनुसार आगामी दिनमा खाता सञ्चालन हुने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय भएको खण्डमा रोक्का भएको खाता सञ्चालनको लागि गाउँकार्यपालिकाको कार्यालयलाई सञ्चालनको लागि सिफारिस गर्न निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं ९) आदर्श गाउँपालिका वडा नं.७ अन्तरगत दहकालिकास्थान स्वा.चौ.ले सम्पूर्ण पक्रिया पुरा गरिसकेको हुँदा सो स्वास्थ्य संस्थालाई सुरक्षित गर्भपतन सेवा सुचिकृत स्वास्थ्य संस्था स्वीकृत गर्ने निर्णय गरीयो ।

निर्णय नं १०) आदर्श गाउँपालिका वडा नं.४ को कार्यालयमा वडा सचिव नहुँदा सेवा प्रवाहमा समस्या भएको अवस्थालाई मध्यनजर गरी अर्को व्यवस्था नहुँदा सम्मका लागि करार सेवामा कार्यरत स.क.अ.रमेश वि.क.लाई तत्कालका लागि वडा सचिवको कामकाज गर्ने जिम्मेवारी दिने निर्णय गरीयो ।